# नेपाल-संस्कृत-विश्वविद्यालय
## परीक्षा-नियन्त्रण-कार्यालयको
## परीक्षा आवेदन-प्रपत्र (फाराम)
## भर्ने सम्बन्धी सूचना

नेपाल संस्कृत विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयद्वारा २०८२ सालमा सञ्चालन गरिने एकवर्षे शिक्षाशास्त्री (One Year B.Ed.) नियमित, आंशिक-२०८० को वार्षिक परीक्षामा सम्मिलित हुन नाम दर्ता फाराम (रजिष्ट्रेशन) भरिसकेका विद्यार्थीहरूले मात्र नियमानुसार परीक्षा आवेदन प्रपत्र (फाराम) भरी २०८१ साल चैत्र मसान्तसम्म आआफ्नो विद्यापीठ/क्याम्पसमा बुझाउन सम्वद्ध सवैको जानकारीका निमित्त यो सूचना प्रकाशित गरिएको छ। परीक्षा आवेदन प्रपत्र (फाराम) ने.सं.वि. अन्तर्गतका आङ्गिक र सम्बन्धनप्राप्त सबै विद्यापीठहरूबाट प्राप्त गर्न सकिनेछ।

**१. परीक्षा शुल्कहरू :-**

| तह | नियमित | | शिक्षण अभ्यास आवेदन शुल्क | अङ्ग्रेजी समूहका लागि प्रयोगात्मक परीक्षा शुल्क | फाराम शुल्क | केन्द्र शुल्क | रजिस्ट्रेसन शुल्क | इमिग्रेसन शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| | प्रतिखण्ड पूरा | प्रतिपत्र आंशिक | | | | | | |
| वी.एड. | ७००/- | २००/- | २००/- | ६००/- | १५०/- | १५०/- | ३००/- | ३००/- |

**२. विलम्ब शुल्क सम्वन्धमा :-**

परीक्षा आवेदन प्रपत्र (फाराम) बुझाउने म्याद भुक्तान भएको मितिले पहिलो हप्तासम्म रु. १००।-, दोस्रो हप्तासम्म रु. ५००।- जम्मा गरी आवेदन प्रपत्र (फाराम) बुझाउन सकिने छ।

**३. परीक्षा शुल्क पठाउने सम्बन्धमा :-**

परीक्षा-शुल्क ने.सं.वि. परीक्षा नियन्त्रण कार्यालयको राष्ट्रिय वाणिज्य वैंक तुलसीपुर शाखामा रहेको च.हि.नं. ४१६०१०००१९०५००१ मा रकम जम्मा गरेको सक्कल भौचर संलग्न गरी पठाउनुपर्ने छ।

**४. परीक्षा आवेदन प्रपत्र (फाराम) भर्दा/भराउँदा ध्यान दिनुपर्ने कुराहरू :-**

(क) नियमित परीक्षार्थीहरूको हाजिरी प्रतिशत, विद्यापीठले अनिवार्यरूपमा परीक्षा फाराममा उल्लेख गर्नुपर्नेछ। अन्यथा फाराम स्वीकृत हुने छैन।

(ख) नियमित परीक्षार्थीहरूले आवेदन प्रपत्रका साथ पूर्वपरीक्षाका लब्धाङ्कपत्र तथा शैक्षिक प्रगति विवरण प्रपत्रको प्रमाणित प्रतिलिपि अनिवार्यरूपमा पेश गर्नुपर्ने छ।

(ग) ने.सं.वि. नाम दर्ता फाराम नभरेका परीक्षार्थीहरूको परीक्षा फाराम स्वीकृत हुने छैन।

(घ) आंशिक परीक्षाका परीक्षार्थीहरूले परीक्षा आवेदन प्रपत्रमा प्रवेश वर्ष र प्रत्येक पटक परीक्षा दिएको वर्ष एवं अनुक्रमाङ्क क्रमैसँग अनिवार्यरूपमा भरी पूर्व लब्धाङ्कपत्रका प्रमाणित प्रतिलिपिहरू पनि अनिवार्यरूपमा पेस गर्नुपर्ने छ।

(ङ) उपर्युक्त वमोजिम परीक्षा शुल्क नपठाएमा, नियमानुसार परीक्षा आवेदन प्रपत्र नभरिएमा वा समयभित्र प्राप्त हुन नआएमा त्यस्ता परीक्षा आवेदन प्रपत्र (फाराम) स्वीकृत हुने छैनन्।

(च) अभ्यास शिक्षण विषयमा मात्र अनुत्तीर्ण भएका विद्यार्थीहरूले पनि यसै सूचनाअनुसारको समय सीमाभित्र परीक्षा फाराम भर्नुपर्नेछ, अन्यथा अभ्यास शिक्षणमा सामेल गराइने छैन।

Scanned with CamScanner

नियन्त्रक:

५. परीक्षा आवेदन प्रपत्र (फाराम) विद्यापीठले राम्रोसँग रुजु गरी प्रत्येक विषयको नियमित/आंशिकको नामावली विवरण अलग-अलग भरी अङ्ग्रेजी वर्णानुक्रमअनुसार तयार गरी आवेदन प्रपत्र भर्ने (विलम्व शुल्क वाहेकको) अन्तिम मितिले ७ दिनभित्र शुल्कसहित यस प.नि.का.मा अनिवार्यरूपमा आइपुग्ने गरी पठाउनुपर्नेछ। राम्रोसँग परीक्षा आवेदन प्रपत्र नभरी विवरण फरक पर्न गएमा सम्वन्धित परीक्षार्थी वा विद्यापीठ नै जवाफदेही हुनेछन्।

६. शिक्षाशास्त्री सञ्चालन गर्न सम्वन्धन प्राप्त विद्यापीठहरूले केन्द्र सञ्चालन वार्षिक शुल्क रु. १०,०००।- (दशहजार) परीक्षा शुल्कका साथै पठाउनुपर्ने छ।

७. रजिष्ट्रेशन फाराम वुझाउँदा सक्कल माइग्रेसन नवुझाएका विद्यार्थीहरूले यसै परीक्षा फारामसाथ सक्कल माइग्रेसन पनि अनिवार्यरूपमा वुझाउनुपर्नेछ।

*द्रष्टव्य :-* परीक्षा कार्यक्रम तथा परीक्षा केन्द्र पछि निर्धारण गरिने हुँदा परीक्षा आवेदन प्रपत्र (फाराम) मा आफूले अध्ययन गरेको विद्यापीठ केन्द्र उल्लेख गरी पठाउनुपर्ने छ।

.........................

(डा. वावुराम आचार्य)

परीक्षा नियन्त्रक

परीक्षा-नियन्त्रकः

CS Scanned with CamScanner